बैठक संख्या:-५४

आज मिति २०८१ साल साउन १५ गते मंगलबारका दिन विर्तामोड नगरपालिकाको कार्यपालिका बैठक नगर प्रमुख श्री पवित्रादेवी महतारा प्रसाईज्यूको अध्यक्षतामा निम्न वडा अध्यक्ष तथा कार्यपालिका सदस्यहरुको उपस्थितिमा निम्न विषयमा छलफल गरियो ।

उपस्थिती

| सि.नं | पद | नाम, थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | नगर प्रमुख | श्री पवित्रादेवी महतारा प्रसाई | |
| २ | नगर उप-प्रमुख | श्री नगेन्द्र प्रसाद संग्रौला | |
| ३ | १ नं. .वडा अध्यक्ष | श्री अग्नी प्रसाद पाण्डे | |
| ४ | २ नं. .वडा अध्यक्ष | श्री किशोर कुमार पौडेल | |
| ५ | ३ नं. वडा अध्यक्ष | श्री मदन बुढाथोकी | |
| ६ | ४ नं.वडा अध्यक्ष | श्री राहुल कुमार शर्मा | |
| ७ | ५ नं. वडा अध्यक्ष | श्री रोहित प्रसाई | |
| ८ | ६ नं. वडा अध्यक्ष | श्री सुर्य प्रसाद कन्दङ्वा | |
| ९ | ७ नं.का.वा. वडा अध्यक्ष | श्री खडानन्द निरौला | |
| १० | ८ नं.वडा अध्यक्ष | श्री अजय कार्की | |
| ११ | ९ नं.वडा अध्यक्ष | श्री हरि प्रसाद चौलागाई | |
| १२ | १० नं. वडा अध्यक्ष | श्री दुर्योधन गुरुङ | |
| १३ | कार्यपालिका सदस्य | श्री यमुना देवी आचार्य | |
| १४ | कार्यपालिका सदस्य | श्री तिला गौतम | तिला |
| १५ | कार्यपालिका सदस्य | श्री निर्मला देवी सुनार | |
| १६ | कार्यपालिका सदस्य | श्री लक्षिमा खतिवडा | |
| १७ | कार्यपालिका सदस्य | श्री संगिता सिवा | |
| १८ | कार्यपालिका सदस्य | श्री जगतबन्धु राजबंशी | |
| १९ | कार्यपालिका सदस्य | श्री सिता दुङ्गाना वि.क. | |
| २० | कार्यपालिका सदस्य | श्री शर्मिला राजवंशी | |
| २१ | सदस्य सचिव (.प्र.प.अ.) | श्री राधाकृष्ण खतिवडा | |

CamScanner

**निर्णय नं १-** यस भन्दा अघि भएको कार्यपालिका बैठकका निर्णयहरुको कार्यान्वयन प्रगति सन्तोषजनक रहेको समिक्षा गरियो।

**निर्णय नं २-** स्थानीय सरकारी सेवाको गठन सञ्चालन र सेवाका शर्तहरु सम्बन्धमा व्यवस्था गर्न बनेको कोशी प्रदेश सरकारको स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन २०८० तथा बिर्तामोड नगरपालिकाको तहबृद्धि सम्बन्धी कार्यविधि २०८१ मा भएको व्यवस्था अनुसार बिर्तामोड नगरपालिका र मातहतका कार्यालयमा कार्यरत स्थानीय सेवाका स्थायी कर्मचारीहरुको तहबृद्धि/तह मिलान गर्न यस कार्यालयको मिति २०८१।०२।२२ गते प्रकाशित १ महिने सूचना अनुसार तह बृद्धि/तह मिलानको लागि निवेदन पेश गर्ने कर्मचारीहरुको सम्बन्धमा कोशी प्रदेश स्थानीय सरकारी सेवा गठन तथा सञ्चालन ऐन, २०८० को दफा २७ को उपदफा ४ बमोजिम गठित सिफारिस समितिले मिति २०८१।०३।२८ गते पेश गरेको सिफारिसको आधारमा देहायका कर्मचारीहरुको तह बृद्धि, तह मिलान गर्ने निर्णय गरियो।

**देहाय**

| ऐनको दफा २७ को उपदफा १ तथा उपदफा २ बमोजिम तहबृद्धि गरिएको विवरण | | | |
|---|---|---|---|
| क्र.स. | कर्मचारीको नाम थर | कर्मचारीको हालको तह | तहबृद्धि गरिएको तह |
| १ | राजेन्द्र निरौला | सि.अ.हे.ब. (सहायकस्तर पाचौ) | सि.अ.हे.ब. (अधिकृतस्त्र छैटौ) |
| २ | कृष्ण कुमारी अधिकारी | सि.अ.हे.ब. (सहायकस्तर पाचौ) | सि.अ.हे.ब. (अधिकृतस्त्र छैटौ) |
| ३ | दिपा श्रेष्ठ | सि.अ.न.मी. (सहायकस्तर पाचौ) | सि.अ.न.मी. (अधिकृतस्तर छैटौ) |
| ४ | चन्द्रकला खनाल | सि.अ.न.मी. (सहायकस्तर पाचौ) | सि.अ.न.मी. (अधिकृतस्तर छैटौ) |
| ऐनको दफा ८ को उपदफा १७ बमोजिम तह मिलान गरिएको विवरण | | | |
| क्र.स. | कर्मचारीको नाम थर | कर्मचारीको साबिकको तह | तह मिलान गरिएको तह |
| १ | नरेन्द्र श्रेष्ठ | इन्जिनियर (अधिकृत छैटौ) | इन्जिनियर (अधिकृतस्तर सातौ) |

CamScanner

**निर्णय नं ३ -** नेपाल सरकारद्धारा मिति २०७३।११।२७ मा प्रकाशित नेपाल राजपत्र खण्ड ६६ संख्या ५८ बमोजिम बिर्तामोड नगरपालिका स्थानीय तह कायम भएको। नेपाल सरकार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको पत्र सङ्ख्या ०७३/०७४ च.नं ३१४० मिति २०७३।११।२७ को स्थानीय तहको कार्यालय सञ्चालन सम्बन्धी प्राप्त पत्रानुसार बिर्तामोड नगरपालिका नगर कार्यपालिकाको कार्यालय बिर्तामोड झापा कार्यालय स्थापना भई सञ्चालन भईरहेको र यसै सन्दर्भमा कोशी प्रदेश सरकारको प्रदेश किताबखाना कार्यसञ्चालन निर्देशिका २०८० को दफा ८ मा पद तथा संगठन दर्ता गर्नुपर्ने व्यवस्था भएकाले आवश्यक कागजात सहित यस बिर्तामोड नगरपालिका नगर कार्यपालिकाको कार्यालय बिर्तामोड झापाको स्थायी कार्यालय दर्ता गर्न मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कोशी प्रदेश विराटनगर, प्रदेश किताबखाना कोशी प्रदेश विराटनगर पठाउने निर्णय गरियो।

**निर्णय नं ४ -** मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कोशी प्रदेश बिराटनगरको च.नं १२३० मिति २०८०।११।१५ गतेको प्राप्त तथा कोशी प्रदेश सरकारको प्रदेश किताबखाना कार्यसञ्चालन निर्देशिका २०८० को दफा ८ मा पद तथा संगठन दर्ता गर्नुपर्ने व्यवस्था भएकाले बिर्तामोड नगरपालिकाको मितिमा २०७८।०३।२० मा सम्पन्न सातौ नगर सभाको दोस्रो बैठकबाट स्वीकृत भई नगर प्रमुखज्यूबाट प्रमाणीकरण भएको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन २०७८ तथा मिति २०७९।११।१५ मा सम्पन्न बिर्तामोड नगरपालिकाको दोस्रो नगर सभाको दोस्रो अधिवेशनको पहिलो बैठकबाट संशोधित संगठन तथा व्यवस्थापन प्रतिवेदन २०७८ को संगठन संरचना तथा जनशक्ति विवरण अनुसार स्थायी पदहरुमा कार्यरत कर्मचारीहरुलाई स्थानीय सरकारी सेवा(गठन तथा संचालन ऐन, २०८०) को दफा ५७(७) मा भएको व्यवस्था कार्यान्वयन नहुन्जेल सम्म सोही ऐनमा भएको व्यवस्था अनुसार कर्मचारीले पाउने सेवा सुविधा यसै नगरपालिकाबाट भुक्तानी गरिने प्रतिवद्धता सहित स्वीकृत संगठन संरचना अनुसारको पददर्ता गर्न मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कोशी प्रदेश विराटनगर, प्रदेश किताबखाना कोशी प्रदेश विराटनगर पठाउने निर्णय गरियो।

CamScanner

**निर्णय नं ५ - (विविध)**

(क) शहरी बिकास मन्त्रालय बाट चालु आ.व २०८१/०८२ मा बिर्तामोड नगरपालिका वडा नं. ५ मा सार्वजनिक शौचालय निर्माण गर्न रु १ करोड बजेट विनियोजन भएकोले उक्त सार्वजनिक शौचालय निर्माणका लागि जग्गा खोजी तथा पहिचान गर्न प्रयोजनका लागि तपसिल बमोजिमको ४ सदस्यीय समिति गठन गर्ने र उक्त समितिलाई भदौ मसान्त भित्रमा प्रतिवेदन पेश गर्ने गरी जिम्मेवारी दिने निर्णय गरियो ।

**तपसिल**

| | |
|---|---|
| १ नं. वडा अध्यक्ष श्री अग्नी प्रसाद पाण्डे - | संयोजक |
| ४ नं. वडा अध्यक्ष श्री राहुल कुमार शर्मा - | सदस्य |
| ५ नं. वडा अध्यक्ष श्री रोहित प्रसाई - | सदस्य |
| अमिन श्री सन्देश दाहाल - | सदस्य- सचिव |

(ख) आर्थिक अवस्था अत्यन्तै न्यून भएका र अस्पतालमा उपचाररत बिर्तामोड नगरपालिका वडा नं २ बस्ने १७ बर्षिया किशोरी उषा राजवंशीलाई औषधी उपचार खर्च वापत रु ५० हजार र बिर्तामोड नगरपालिका वडा नं १० बस्ने १३ महिनाकी कुसुम शेर्पा वडा नं १० को कार्यालयमा निजको आमासँग सेवा लिन आएको वखत भवनबाट लडी घाईते भई उपचार गरिरहेकोले निज बालिकालाई उपचार खर्च बापत रु ५०,०००।- उपलब्ध गराउने निर्णय गरियो ।

(ग) बिर्तामोड नगरपालिकामा सवारी चालक पदमा कार्यरत रहनुभएको स्व. राजुमान लिम्बुको मिति २०८१।०३ गते मृत्यु भएकोले निजको परिवारलाई किरिया खर्च वापत रु ३०,०००।- दिने । साथै बिर्तामोड नगरपालिका वडा नं ८ बस्ने १७ वर्षीय चिरन्जिवि श्रेष्ठको विरामी भई मृत्यु भएको र निजको पवारिवारिक आर्थिक अवस्था न्यून रहेकाले परिवारलाई किरिया खर्च वापत रु १०,०००।- उपलब्ध गर्ने निर्णय गरियो ।

(घ) बिर्तामोड नगरपालिका वडा नं.२ बस्ने अन्जु अधिकारी वादी र प्रतिवादी नविन ढुङ्गेल भएको जग्गा खाली गराई पाउँ सम्बन्धी मुद्धाका विषयमा न्यायिक समितिबाट कार्यान्वयनका लागि पेश भएकोमा मिलापत्र कार्यान्वयन गर्ने मितिमा निज प्रतिवादीले कार्यान्वयन नगरेको देखिदा,मिलापत्रको व्यहोरा बमोजिम प्रतिवादी नवीन ढुंगेलले वादी अन्जु अधीकारीलाई

बुझाउनुपर्ने रकम नबुझाएको र मिलापत्र कागजमा उल्लेख भएको खालि गर्नुपर्ने जग्गा निजलाई पत्राचार गर्दा समेत खालि नगरेको हुँदा निज प्रतिवादी नवीन ढुंगेललाई संरचना हटाउनका लागि लागि थप १५ दिन म्याद दिने र उक्त मितिमा संरचना नहटाएमा कानून बमोजिम नगरपालिकाले संरचना हटाईदिने र वादी अन्जु अधिकारीलाई मिलापत्रमा उल्लेखित जग्गाको नक्सा पेश गर्न लगाई अमिन खटाई उल्लेखित जग्गाको संरचना यकीन गर्न अमिन खटाउने निर्णय गरियो ।

(ङ) किशोरकिशोरी मैत्री स्वास्थ्य सेवा सञ्चालन निर्देशिका,२०७९ को दफा ११ को उपदफा १ बमोजिम किशोरकिशोरी मैत्री स्वास्थ्य सेवा सम्बन्धी नीति निर्माण योजना तर्जुमा,सेवा विस्तार तथा प्रमाणिकरण र अनुगमन मूल्याङ्कन गर्न देहाय बमोजिमको स्थानीय तह समन्वय समिति गठन गर्ने निर्णय गरियो ।

(अ) श्री पवित्रा देवी महतारा प्रसाई (नगर प्रमुख) - संयोजक
(आ) श्री नगेन्द्र प्रसाद संग्रौला (उप प्रमुख) - सह संयोजक
(इ) श्री मदन बुढाथोकी वडा अध्यक्ष - सदस्य
(ई) श्री अम्बिका श्रेष्ठ प्र.अ. देवी मा.वि.- सदस्य
(उ) श्री आयुसा सेडाई किशोरी प्रतिनिधि - सदस्य
(ऊ) श्री ईन्दिरा खनाल संघ संस्था प्रतिनिधि - सदस्य
(ऋ) श्री तिलचन भण्डारी (शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख) - सदस्य
(ऌ) श्री राजिव कृष्ण विष्ट (स्वास्थ्य शाखा प्रमुख) - सदस्य
(ऍ) श्री (स्वास्थ्य कार्यालयको प्रतिनिधि) - सदस्य
(ऐ) श्री राधाकृष्ण खतिवडा (प्रमुख प्रशासकीय अधिकृत) - सदस्य सचिव

(च) नेपाल सरकारको छात्रवृत्ति अन्तर्गत करार सेवामा नगर अस्पतालमा २०८१ साउन महिनादेखि कार्यरत मेडिकल अधिकृत २ जनालाई हाल नगर अस्पतालमा करारमा कार्यरत रहेका अन्य मेडिकल अधिकृतलाई दिए सरहको अन्य सुविधाहरु उपलब्ध गराउने निर्णय गरियो ।

(छ) शहरी विकास मन्त्रालयलको चालु आ.ब. ०८१/८२ मा स्वीकृत कार्यक्रम अन्तर्गत झापा जिल्ला बिर्तामोड बजारमा पूर्वाधार निर्माण शीर्षकमा बिनियोजन भएको बजेटलाई बिर्तामोड ४ मेघाबारी चोकबाट दक्षिण हुँदै संजीबनी हस्पिटल जोड्ने सडक स्तरोन्नति शीर्षकमा संशोधन गरी बजेट बिनियोजनका लागि सम्बन्धित मन्त्रालयमा सिफारिस गर्ने निर्णय गरियो ।